लोक सेवा आयोग
राष्ट्रिय बीमा संस्थान, आठौं, सह-व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।११।२८

पत्र : प्रथम
समय : ३ घण्टा
पूर्णाङ्क : १००

विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड 'क' — ५० अङ्क

१. मागको लचकताको प्रकार (Types of elasticity of demand) को बारेमा स्पष्ट पार्दै बीमा व्यवसायमा मागका निर्धारक तत्वहरू के के हुन सक्छन् ? लेख्नुहोस् । साथै कुल व्यय तरीका (Total Outlay Method) बाट मागको लचकतालाई कसरी मापन गरिन्छ ? उल्लेख गर्नुहोस् । १०

२. बीमा बजार देशको वित्तीय क्षेत्रको एक प्रमुख क्षेत्र हो । नेपालको सन्दर्भमा बीमाले समग्र वित्तीय क्षेत्रको विकासमा पुऱ्याएको योगदानको चर्चा गर्दै बीमा क्षेत्रलाई थप व्यावसायिक र गतिशील बनाउन के कस्ता उपाय अपनाउनुपर्ला ? आफ्नो विचार दिनुहोस् । ५+५=१०

३. मौद्रिक नीतिका उद्देश्य, लक्ष्य र उपकरण (Objectives, Target and Instrument or Tools) बारे जानकारी गराउनुहोस् । उद्देश्य प्राप्त गर्न कस्तो लक्ष्य राख्ने र लक्ष्य प्राप्त गर्न कस्तो उपकरण (Tools or Instrument) प्रयोग गरिन्छ ? यस्को मौद्रिक ढाँचा (Framework) सहित प्रस्तुत गर्नुहोस् । १०

४. नेपालको योजनाबद्ध विकास (Planned Development) का उपलब्धीबारे लेख्नुहोस् । नेपालले आगामी समयमा कसरी आवधिक योजना प्रभावकारी रूपमा लागू गर्नु पर्दछ ? कार्यान्वयनयोग्य सुझाव दिनुहोस् । १०

५. Portfolio Analysis भन्नाले के बुझिन्छ ? Portfolio Analysis का आधारहरूको चर्चा गर्नुहोस् । साथै कुनै पनि नयाँ व्यापार व्यवसाय शुरू गर्नुपर्दा ध्यान दिनुपर्ने विषयहरू के के हुन् ? प्रकाश पार्नुहोस् । २+४+४=१०

## खण्ड 'ख' 

५० अङ्क

६. आधुनिक व्यवस्थापनको विकासक्रममा परिवर्तन व्यवस्थापन (Change Management) को अवधारणामा कस्तो परिवर्तन आएको छ ? सार्वजनिक संगठनहरूमा मूल्यमा आधारित व्यवस्थापन शैली (Value-Based Management Style) विकास गर्न परिवर्तन व्यवस्थापनका कस्ता प्रक्रिया एवं विधिहरू उपयोगी हुन सक्छन् ? तार्किक धारणा प्रस्तुत गर्नुहोस् । ४+६=१०

७. कर्मचारी व्यवस्थापनमा नवीन अभ्यासको रूपमा रचनात्मक भर्ना (Creative Hiring) को अवधारणा लागू हुने क्रम बढ्दो छ भनिन्छ । यसका केही उदाहरणहरू प्रस्तुत गर्दै यसको सबल पक्ष केलाउनुहोस् र राष्ट्रिय बीमा संस्थानमा यस अवधारणालाई कसरी लागू गर्न सकिन्छ ? व्यवहारिक सुझाव दिनुहोस् । १०

८. औद्योगिक सम्बन्ध (Industrial Relations) को उद्योग सञ्चालन र व्यवस्थापनमा के कस्तो भूमिका हुन्छ ? नेपालको सन्दर्भमा विद्यमान् अवस्थाको समेत चर्चा गर्दै संघीयता कार्यान्वयनको सन्दर्भमा औद्योगिक सम्बन्ध सुमधुर र नतिजामूलक बनाउन ध्यान दिनुपर्ने पक्षहरूको विश्लेषण गर्नुहोस् । १०

९. नेपालमा सार्वजनिक क्षेत्रका कतिपय कार्यहरू Corporate Sector बाट भैरहेको सन्दर्भमा Corporate Governance को विद्यमान स्थिति समीक्षा गरी Corporate Social Responsibility कार्यान्वयनलाई प्रभावकारी बनाउन उपयुक्त सुझाव दिनुहोस् । १०

१०. राष्ट्रिय बीमा संस्थानमा व्यवस्थापन सूचना प्रणालीको वर्तमान् अवस्था कस्तो रहेको ठान्नुहुन्छ ? वर्तमान् सूचना र सञ्चार प्रवधिको युगमा यस्तो प्रणालीको आधुनिकीकरण गर्नुपर्ने प्रमुख पक्षहरू के के हुन सक्छन ? सुझाव दिनुहोस् । ५+५=१०

:: समाप्त ::

CamScanner

## लोक सेवा आयोग
### राष्ट्रिय बीमा संस्थान, आठौं, सह-व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।११।२९

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : बीमा, लेखा, सम्बन्धित कानूनी व्यवस्था र समस्या समाधान

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड 'क'** — ६० अङ्क

१. नेपालमा बीमाको विकासक्रमबारे संक्षिप्त चर्चा गर्दै नेपाली बीमा बजारको वर्तमान् स्थितिबारे प्रकाश पार्नुहोस् । १०

२. बीमा उद्योगले बैकिङ्ग उद्योगलाई कसरी सहयोग गरिरहेको छ ? उदाहरणसहित व्याख्या गर्दै बैकले बीमालाई कुन कुन क्षेत्रमा कसरी सहयोग गर्न सक्छ ? विश्लेषणात्मक जवाफ दिनुहोस् । १०

३. बीमा करारमा कुन कुन ऐन कानूनहरू आकर्षित हुन्छन् ? ती कानूनहरूको सुक्ष्म व्यवस्था सहित संक्षिप्त जानकारी दिनुहोस् । १०

४. बीमामा Intermediaries भनेको के हो ? Intermediaries कति प्रकारका प्रचलनमा छन् ? लेख्नुहोस् । राष्ट्रिय बीमा संस्थानलाई अप्ठ्यारोमा पार्ने धेरै कारणमध्ये Dummy Agent पनि एक हो भनिन्छ । Dummy Agent बाट राष्ट्रिय बीमा संस्थानलाई मुक्त राख्न तपाईसँग के कस्ता ठोस् उपाय छन् ? उल्लेख गर्नुहोस् । १०

५. सामान्य लेखा र बीमा लेखा (General Account and Insurance Account) बीचको भिन्नता छुट्याउनुहोस् । पूनर्बीमा लेखा विधि (Reinsurance Accounting) तयार गर्दा के के बुँदाहरूमा ध्यान दिनुपर्दछ ? लेख्नुहोस् । ५+५=१०

६. बीमकको लेखा विवरणमा विभिन्न कोष (Reserves) हरूको व्यवस्था हुनुपर्दछ । यसरी व्यवस्था गरिने कोषहरू उल्लेख गरी ती कोषहरूका प्रयोजन सम्बन्धमा विश्लेषण गर्नुहोस् । १०

**खण्ड 'ख'** — ४० अङ्क

७. राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ बमोजिम राष्ट्रिय बीमा संस्थानले गर्नुपर्ने कार्यहरू उल्लेख गर्नुहोस् । साथै उल्लेखित कार्यहरू प्रभावकारीरूपमा हुन सके/नसकेको बारे समीक्षा गर्दै संस्थानलाई प्रभावकारी एवं प्रतिस्पर्धी बनाउन आवश्यक सुझाव दिनुहोस् । १०

८. सम्पत्ति शुद्धीकरणको अर्थ स्पष्ट गर्दै सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ का प्रमुख उद्देश्यहरू उल्लेख गर्नुहोस् । १०

क्रमशः–

CamScanner

९. १) बीमा व्यवसाय मुलुकको एक महत्त्वपूर्ण व्यवसाय हो । तथापि, अझै पनि यो व्यवसाय विसंगति र विकृतिबाट मुक्त रहेको छैन । खासगरी मुलुकका घरानियाँ उद्यमी तथा व्यापारीहरूले आफ्नो कारोबार र व्यवसायको जोखिम विरूद्ध रक्षावरण गर्ने उद्देश्यले निर्जीवन बीमा कम्पनी स्थापना गर्ने र त्यस मार्फत बीमा व्यवसाय गर्ने वा गराउने प्रचलन रहेको छ । तर त्यस वापत भुक्तानी गर्नुपर्ने बीमा शुल्क भने समयमा नै भुक्तानी नगर्ने र विपद् परेको अवस्थामा मात्र भुक्तानी भएको देखाई क्षतिपूर्ति दाबी गर्ने अभ्यास अझै पनि यदाकदा बीमा व्यवसायीबीच रहेको छ ।

२) अर्कोतर्फ आफ्नो व्यापार तथा व्यवसायको जोखिमका विरूद्ध वास्तविकरूपमा बीमा गर्ने व्यक्तिलाई पुनर्बीमा कम्पनीबाट क्षतिपूर्ति रकम प्राप्त नभएको कारण देखाई समयमा नै बीमा क्षतिपूर्ति रकम भुक्तानी नगरी सो रकम केही अवधिसम्म सम्बन्धित बीमा कम्पनीले आफैं चलाउने अभ्यास पनि बीमा व्यवसायीहरूबीच रहेको पाईन्छ ।

३) जहाँसम्म जीवन बीमा व्यवसाय गर्ने कम्पनीको प्रश्न छ, त्यस्तो बीमा वापतको जोखिम स्वीकार गरी बीमा लेख जारी गर्न त्यस्तो बीमा व्यवसाय गर्न ईजाजत प्राप्त बीमा कम्पनीले बीमा अभिकर्ता नियुक्ति गर्ने र बीमा अभिकर्ताले बीमा कम्पनीको तर्फबाट बीमा लेख जारी गरी बीमितबाट बीमा शुल्क भुक्तानी लिने तर बीमा कम्पनीमा यथाशिघ्र बीमा शुल्क दाखिला नगरी केही अवधि आफैं खर्च चलाउने अभ्यास पनि आम प्रचलनमा रहेको पाईन्छ ।

बीमा व्यवसायको स्थापित मान्यता र सिद्धान्त अनुसार बीमा व्यवसाय सञ्चालन गर्ने ईजाजत प्राप्त कम्पनीले बीमा शुल्क प्राप्त नगरी बीमा वापतको जोखिम स्वीकार गर्नु नहुने र स्वीकार गरेकोमा जोखिम ग्रहण गरेको मानिन्न । बीमा अभिकर्ताले बीमितबाट बीमा शुल्क असुल गरी समयमा नै सम्बन्धित बीमा कम्पनीमा दाखिला नगरेको अवधिमा नै कुनै बीमितको मृत्यु भएमा बीमा शुल्क भुक्तानी गरिसकेको भए तापनि सम्बन्धित बीमा कम्पनीले जोखिम नव्यहोर्ने हुँदा सर्वसाधारणलाई मर्का पर्ने गरेको छ ।

उपर्युक्त पृष्ठभूमिमा माथि उल्लेखित प्रकरण १, २ र ३ का समस्याहरू समाधान गर्न र बीमा व्यवसायलाई स्वस्थ्य, प्रतिस्पर्धी र स्वच्छ बनाउन के कस्ता नीतिगत, कानूनी र संस्थागत सुधार हुन आवश्यक छ ? विश्लेषणात्मक र तर्कपूर्ण जवाफ दिनुहोस् । २०

:: समाप्त ::

CamScanner